नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

## प्रेश विज्ञप्ती
*(पाँचौ सामाजिक सुरक्षा दिवस, २०७९)*

असल श्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार भन्ने मुल नाराका साथ आज भन्दा ठीक पाँच वर्ष अगाडी योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ भएको दिनको अवसरमा मनाउन शुरु गरिएको यो सामाजिक सुरक्षा दिवस आज पाँचौ वर्षमा प्रवेश गरेको छ । यस पाँचौ सामाजिक सुरक्षा दिवसको अवसरमा सामाजिक सुरक्षा कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रारम्भ, विकाश र विस्तारमा सहयोग पुर्याउनुका साथै सर्वाङ्गीण विकासमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने संम्माननीय प्रधानमन्त्रीज्यू, पुर्व प्रधानमन्त्रीज्यूहरु, माननीय मन्त्रीज्यू, पूर्व मन्त्रीज्यूहरु, श्रीमान संचालक समितिका अध्यक्ष तथा सचिवज्यू संचालक समितिका पूर्व अध्यक्षज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, पूर्व सदस्यज्यूहरु, कर्मचारी मित्रहरु सेवा प्रवाह गर्ने अस्पतालहरु, विभिन्न श्रम संगठनहरु, रोजगारदाता सस्थाहरु, पत्रकार मित्रहरु, योगदानकर्ताहरु, सरकार, अन्य स्वदेशी तथा विदेशी सरोकारवालाहरु र सम्पूर्ण नेपाली र गैर आवासीय नेपाली नागरिकहरु लगायत सबैप्रति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विक्रम सम्बत २०६७ चैत्र ६ गते सामाजिक सुरक्षा कर संकलनका लागि प्रारम्भ भएको यस कोषले आफ्नो स्थापना कालदेखि विभिन्न आरोह अवरोहका बीच एघार वर्ष पुरा गरिसकेको छ भने योगदानमा आधारित सामाजिक सुरक्षा योजना संचालनमा आएको आज पाचौ वर्षमा प्रवेश गर्दैछ । २०७५ मंसिर ३ गतेको मन्त्री परिषदको निर्णयले आजको दिनलाइ सामाजिक सुरक्षा दिवसको रुपमा घोषणा भई मनाउने निर्णय भए अनुरुप हरेक वर्ष सामाजिक सुरक्षा दिवस मनाउने गरिएको व्यहोरा स्मरणार्थ जानकारी गराउदछौ ।

नेपालको संविधानले मौलिक हकको रुपमा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक स्थापित गरेपश्चात जारी भएको श्रम ऐन २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लगायत अन्य कानुनी पुर्वाधारहरूको व्यवस्था भएपश्चात २०७५ मङसिर ११ मा योगदानमा आधारित सामाजिक सुरक्षा योजना औपचारिक रुपमा सञ्चालनमा आएको हो ।

श्रम संगठन, रोजगारदाता र सरकार समेतको त्रिपक्षीय एवं प्रयास एवं समझदारीबाट यो अवस्थामा आइपुगेको हो । अहिलेको अवस्था सामाजिक सुरक्षा योजना कार्यान्वयनको दृष्टिबाट सुरुवात मात्र हो । कार्यान्वयनका क्रममा देखिएका कानुनी अष्पष्टता तथा व्यवहारिक कठिनाइहरुको समाधान गर्ने र सुरक्षा अवधारणाको पर्याप्त मात्रामा बुझ्ने तथा बुझाउने कार्य त्रिपक्षीय रुपमा हुँदै आईरहेका छन् । सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्ने यस अभियानलाइ सार्थक बनाउन कोष परिवार कटिबद्ध भएर अगाडि बढ्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौ।

यस अवधिमा कोषवाट संपादित मूख्य गतिविधिहरु निम्न अनुसार रहेको व्यहोरा अनुरोध गर्दछौ ।

१) सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ मा समय सापेक्ष संशोधन गर्दै सुबिधाहरुलाई योगदानकर्तामैत्री बनाउदै लगिएको छ । यसै क्रममा २०७५ आश्विन ५ गते स्विकृत भएको कार्यविधिको तेश्रो संशोधनले योगदानकर्ताको पति वा पत्नीको समेत औषधी उपचार खर्च र योगदानकर्ताको घातक रोगको दश लाख सम्मको उपचार खर्च कोषले भुक्तानी गर्ने गूरी सुविधा थप गरिएको छ ।

पत्र संख्याः
चलानी नं.:

२) नेपाल सरकारवाट बजेट वक्तव्य मार्फत वैदेशिक रोजगारी वा पेसामा रहेका नागरिकहरुलाई समेत सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था गरे बमोजिम कोषले छुट्टै कार्यविधि तर्जुमा गरेको व्यहोरा सगौरव जानकारी गराउँदछ । यसै गरी अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिहरुका लागि समेत कार्यविधि तर्जुमा भै सकेको व्यहोरा अवगत गराउन पाउँदा कोष परिवार हर्षित महसुस गरेका छौं । यसरी आज भन्दा पाँच वर्ष अघि औपचारीक क्षेत्रबाट शुरु भएको सामाजिक सुरक्षा कार्यक्रम अनौपचारिक, स्वरोजगार र वैदेशिक क्षेत्रमा समेत बिस्तार भई कोषको दायरा बिस्तार हुनुका साथै सबैको लागि सामाजिक सुरक्षाको लक्ष्य प्रासिमा सहजता हुने बिश्वास कोषले लिएको छ ।

३) कोषमा २०७८ मंङसिर १० मा सूचीकृत प्रतिष्ठानहरूको संख्या १६ हजार ७ सय ८३ रहेकोमा २०७९ मङसिर १० मा यो संख्या १७ हजार ५ सय ६ पुगेको छ । त्यसैगरी कोषमा सूचीकृत योगदानकर्ताहरूको संख्या २०७८ को सोही अवधीमा रहेको २ लाख ९१ हजार ३ सय ३ बाट बढेर ३ लाख ७५ हजार ९ सय १४ पुगेको छ हालसम्म कोषले २ लाख ७० हजार योगदानकर्तावाट २६ अर्ब भन्दा बढी योगदान रकम संकलन भएको छ ।

४) कोषले सञ्चालन गरिरहेका सुरक्षा योजनाहरू अन्तर्गत योगदानकर्तालाई सुविधा दिने कार्य निरन्तर रुपमा अघि बढेको छ । कोषले सञ्चालन गरेको विभिन्न योजना वापत हाल सम्ममा ५० हजार ८ सय योगदानकर्ता र तिनका परिवारलाई रु २ अर्ब ७० करोड भुक्तानी गरी सकिएको छ । जस मध्ये औषधोपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा ३१ करोड ७८ लाख, दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा ३ करोड ७२ लाख, आश्रित परिवार सुरक्षा योजना अन्तर्गत २७० मृतक योगदानकर्ताको आश्रित परिवारलाई ५ करोड ९ लाख र बाँकी रकम अवकाश योजना अन्तर्गत भुक्तानी गरिसकिएको छ । जसले गर्दा सामाजिक सुरक्षा कोषले समाजमा वास्तवमै श्रमिकको जीवन चक्रमा आईपर्ने प्रत्येक जोखिम व्यवस्थापन गरी आयको निरन्तरताको शुनिश्चितता गर्ने विषय व्यवहारिक रुपमा नै प्रमाणित हुँदै गएको छ ।

५) कोषमा आबद्ध योगदानकर्ता तथा रोजगारदाताबाट कोषमा जम्मा गर्नुपर्ने गत आर्थिक वर्षको जेष्ठ र असारको योगदान रकम नेपाल सरकारवाट निकासा भई करिब रु १ अर्व ३१ करोड रकम कोरोनाका कारणले बन्दाबन्दी रहेको अवधिको राहत स्वरुप योगदानकर्ताको सामाजिक सुरक्षा खातामा जम्मा गरिसकिएको छ ।

६) कोषले सञ्चालन गर्ने स्वास्थ्य उपचार तथा मातृत्व सुरक्षा योजना र दुर्घटना योजना अन्तर्गतका सुविधाहरु यसै आर्थिक वर्ष देखि योगदानकर्ताले कोषको प्रणालीसंग आवद्ध स्वास्थ्य संस्थामार्फत सोझै नगद रहित रुपमा नै प्राप्त गर्ने व्यवस्था गरिएको छ । हाल कोषको सुविधा प्रदान गर्ने अस्पतालको संख्या २८ रहेकोमा यो संख्या क्रमस बढाउदै लाने कोषको नीति रहेको छ ।

७) कोषले यसै वर्ष देखिं लगानी कार्यविधि बमोजिम योगदानकर्तालाई प्रदान गरिने सापटी रकम प्रदान गर्न प्रारम्भ गरिएको छ । योगदानकर्तालाई यस किसिमको कर्जा तथा सापटी वापत करिब ४० करोड रुपैया रकम कोषले उपलब्ध गराई सकेको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

८) यसै वर्ष कोषले आफ्नै SSF APP नाम गरेको मोवाईल एप सार्वजनीक गरेको छ । यही एप मार्फत नै योगदानकर्ताले घरै बसी बसी विषेश सापटीका लागि आवेदन गर्ने र सो रकम सोझै योगदानकर्ताको खातामा जम्मा गरिने व्यवस्था गरेको छ । एप मार्फत सापटी लगायत कोषवाट प्रदान गरिने विभिन्न १३ वटा सेवाहरु योगदानकर्ताले लिन सक्नु हुनेछ । यसरी कोषले विद्युतीय कारोवारलाई उच्च प्राथमिकता दिदै आएको छ । रोजगारदाताले योगदान रकम जम्मा गरेको विवरण स्वचालित प्रणालीमार्फत सम्बन्धित रोजगारदाता र कोषलाई जानकारी प्रवाह हुने प्रणाली कार्यान्वयनमा आईसकेको छ । सम्बन्धित रोजगारदाता र योगदानकर्ताले कोषमा जम्मा भएको योगदान रकमको वैयक्तिक विवरण आफूले चाहेको जुनसुकै समयमा हेर्न पाउने व्यवस्था छ ।कोषमा संकलन हुने रकम तथा सो रकमको लगानी सम्बन्धमा हिसाव मिलानको दैनिक रुजु प्रणाली तयार भई कार्यान्वयनमा आएको छ । सामाजिक सुरक्षा कोषमा रोजगारदाता तथा योगदानकर्ता सूचीकरण र त्यसको प्रमाण पत्र वितरण तथा योगदान रकम संकलन अनलाइन प्रणालीबाटै हुँदै आएको छ । योगदानकर्ताहरूले सामाजिक सुरक्षा योजनाबाट प्राप्त हुने सुविधाहरूको दाबी तथा भुक्तानी सम्बन्धमा अनलाइन प्रणाली मार्फत नै हुने गरेको छ ।

९) कोषको संगठन संरचना यसै वर्ष पुनरावलोकन गरी भाद्र ८ गते नै बिराटनगर र सिमरामा शाखा कार्यालय स्थापना गरी सकिएको छ भने बुटवल, नेपालगञ्ज मा आजै सम्पर्क कार्यालयको शुभारम्भ भएको छ भने पोखरामा समेत सम्पर्क कार्यालय स्थापनाको प्रकृया अगाडी बढी सकेको छ ।

१०) कोषवाट चालु आर्थिक वर्षको लागि योगदान रकममा ८ प्रतिशत व्याज दर स्वीकृत गरिएको छ ।कोषले सुरक्षित लगानीमार्फत दिगो प्रतिफल दिने नीतिअनुरुप रहेर निर्माण गरेको लगानी कार्यविधि स्वीकृति भई कार्यन्वयनमा आईसकेको जानकारी गराउँदछु ।यस कार्यविधि अनुरुप तोकिएको क्षेत्रमा तोकिएको सिमाभित्र रहेर लगानी गर्दा कोषले दायित्व वहन गर्न आर्जन गर्नुपर्ने न्यूनतम प्रतिफल प्राप्त हुने तथा योगदानकर्तालाई समेत आकर्षक प्रतिफल दिन सकिने कुरामा कोष विश्वस्त रहेको छ ।

अन्त्यमा, पाँचौ सामाजिक सुरक्षा दिवसको अवसरमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रवक्ता
विवेक पन्थी
मितिः २०७९/०८/११